# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
१ नं. प्रदेश

मिति २०७४।०८।२७ गतेको राजधानी दैनिकमा प्रकाशित

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७४।०८।२७**

यस बेलबारी नगरपालिकाको कार्यालयमा रिक्त रहेको देहाय बमोजिमको पदमा २०७५ साल आषाढ मसान्तसम्म करार सेवामा नियुक्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरिकहरुबाट बेलबारी नगरपालिकाद्धारा स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त फारम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नम्बर | पद/श्रेणी | सेवा/समुह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१/०७४/७५ | इन्जिनियर/ अधिकृतस्तर छैटौं | इन्जिनियरीङ्ग /सिभिल/जनरल/ वि.आर. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा बिल्डिङ्ग एण्ड आर्किटेक्चर विषयमा स्नातक वा सो सरह उतीर्ण | १००० | |
| ०२/०७४/७५ | सूचना प्रविधि अधिकृत/ अधिकृतस्तर छैटौ | विविध | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट computer Information & Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक - BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc IT, BSc CSIT) उतीर्ण भएको । | १००० | |
| ०३/०७४/७५ | सव-इन्जिनियर/सहायक पाचौं | इन्जिनियरीङ्ग /सिभिल/जनरल/ वि.आर. | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण | ७०० | |
| ०४/०७४/७५ | अ.सव-इन्जिनियर /सहायक चौथो | नेपाल इन्जिनियरीङ्ग/ सिभिल/जनरल/ वि.आर. | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा एस.एल.सि. वा सो सरह उतीर्ण | ६०० | |
| ०५/०७४/७५ | अमिन/सहायक चौथो । | इन्जिनियरिङ्ग/ सर्भे | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सि. वा सो सरह उतीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्षको तालीम प्राप्त गरेको । | ६०० | |

१. **दरखास्त दिने स्थानः**बेलबारी नगरपालिकाको कार्यालय, बेलबारी मोरङ ।
२. **परिक्षाको किसिमः** प्राप्त दरखास्त मध्येबाट शैक्षिक योग्यता, कार्यअनुभव र स्थायी ठेगानाको आधारमा मूल्याकंन गरी सूचिकृत गरिनेछ । र सूचिकृत उम्मेदवार मध्येबाट अर्न्तवार्ताको माध्यमद्धारा छनौट गरिनेछ ।
३. दरखास्त दिने अन्तिम दिन सार्वजाकि विदा परेमा सो को भोलीपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।
४. **सम्पर्क मितिः** अन्तिम मितिको भोलीपल्ट र सो दिन सार्वजानिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने पहिलो दिन)
५. परिषद्मा दर्ता हुनु पर्ने पदको हकमा सम्बन्धित परिषद्मा नाम दर्ता भएको हुनु पर्नेछ ।
६. **काम गर्नु पर्ने स्थानः** बेलबारी नगरपालिका क्षेत्रभित्र ।
७. **तलब सुविधाः** नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम । विज्ञापन नं. २ /२०७४/७५ को हकमा मासिक रु.४०,०००/- हुनेछ ।
८. दरखास्त फाराम र सूचना यस बेलबारी नगरपालिकाको कार्यालयको बेभसाइट www.belbarimun.gov.np बाट समेत प्राप्त गर्न र हेर्न सकिनेछ ।
९. **दरखास्त फारम साथ पेश गर्नु पर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र, अनुभवको प्रमाण पत्र, परिषद्मा दर्ताको प्रमाणित प्रतिलिपिहरु । पेश गरिएका सबै प्रतिलिपिहरुको पछाडि उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।
१०. **उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्ममा सहायकस्तरको हकमा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको र अधिकृतस्तरको हकमा २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
११. विदेशी बोर्डबाट उतीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
१२. दरखास्त दस्तुर बापतको रकम यस बेलबारी नगरपालिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फारम साथ राख्नु पर्नेछ ।
१३. यस सम्बन्धमा थप जानकारीको लागि बेलबारी नगरपालिकाको कार्यालय मोरङमा तथा टेलिफोन नम्बर ०२१ -५४५३४४ मा सम्पर्क राख्न सकिनेछ ।
१४. विज्ञापन गरिएको पदको परिक्षा पाठ्यक्रम लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ । साथै अनुभव प्राप्त उम्मेदवारलाई विशेष ग्राह्यता दिइनेछ ।
१५. **सम्झौता र कार्य शुरु गर्नु पर्ने मितिः** छनौट भएको उम्मेदवार र बेलबारी नगरपालिका बिच करार सेवा कार्य गर्न छनौट भएको मितिबाट ७ दिन भित्र संभौता गर्नु पर्नेछ र कार्य आरम्भ गर्नु पर्नेछ । यदी सो मिति भित्र संभौता गर्न नआएमा योग्यता क्रममा रहेका अन्य उम्मेदवारसँग संभौता गरिनेछ ।

**बेलवारी नगर कार्यपालिकाको कार्यालय**
**बेलवारी मोरङ**